# नेपाली अक्षर र अक्षर निर्धारणका आधारहरू

*लय खतिवडा

*सार संक्षेप*

*एक आघात वा बलमा बोलिने ध्वनि वा ध्वनि समूहलाई अक्षर भनिन्छ । अक्षरको सम्बन्ध वाणीसँग हुन्छ । स्वर र व्यञ्जन ध्वनिमध्ये स्वरध्वनिलाई अक्षरको आधार मानिन्छ । स्वरध्वनिकै आधारमा अक्षर निर्धारण गरिन्छ । शब्दको उच्चारण गर्दा मुखरता, उच्चता, शिखरता र स्पष्टताका आधारमा कति अक्षर छन् भनी निर्धारण गरिन्छ । यस लेखमा अक्षरको परिचय, अक्षरका अभिलक्षण, प्रकार, केन्द्रीय र परिधीय अवयव, नेपाली अक्षरको संरचना, नेपाली उच्चार्य र लेख्य वर्णमाला, द्विस्वर, अक्षरीकरण र अक्षर निर्धारणका आधारलाई प्रस्तुत गरिएको छ । नेपाली अक्षर र अक्षर निर्धारणका आधारलाई विभिन्न भाषा वैज्ञानिकहरूले दिएका विचार तथा सन्दर्भ पुस्तकहरूमा छरिएर रहेका सामग्रीलाई पुस्तकालयीय अध्ययन विधिका साथै वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरी यो लेख तयार पारिएको छ ।*

*मुख्य शब्द, पद तथा पदावलीहरू*

*ध्वनि, अघात, झट्का, स्पन्दनशील, उच्चता, शीर्ष, मुखविर, मुक्ताक्षर, बद्धाक्षर, ध्वनि अवयव, केन्द्रीय, परिधीय, श्रवणीय, प्रारम्भक, समापक, वृक्षरेखा, स्वर, व्यञ्जन, द्विस्वर, उच्चार्य वर्ण, लेख्य वर्ण, अक्षरीकरण, आक्षरिक, अनाक्षरिक, मुखरता, मुखरित, झोक्का, चाल, स्वरात्मक, व्यञ्जनात्मक आदि ।*

*सह-प्राध्यापक, टीकापुर बहुमुखी क्याम्पस

## अक्षरको परिचय

फोक्सोबाट बाहिर निस्केको सासको एक प्रयासबाट उच्चारित हुने स्वर भएको ध्वनि वा ध्वनि समूहलाई अक्षर भनिन्छ। श्वासको एक आघात वा झट्कामा उच्चारित हुने ध्वनि खण्डलाई अक्षर भनिन्छ (शर्मा, २०५६:१५) । एक आघात वा बलमा बोलिने ध्वनि नै अक्षर हो । अक्षरको मेरूदण्ड स्वरध्वनि हो । स्वर ध्वनिकै आधारमा अक्षरको निर्धारण गरिने हुँदा स्वरध्वनिलाई आक्षरिक ध्वनि भनिन्छ । शब्दको उच्चारणमा जुन ध्वनिले उच्चता प्राप्त गर्दछ त्यो नै अक्षर हो । जस्तैः घर शब्दमा अ ध्वनिले उच्चता प्राप्त गरेकाले घर एक अक्षरले बनेको शब्द हो । यसरी रूपभन्दा सानो र ध्वनिभन्दा ठुलो ध्वन्यात्मक एकाइ तथा शब्द वा शब्दांशको प्रत्येक सुन्न सकिने एकाइलाई अक्षर भनिन्छ ।

अङ्ग्रेजी Syllable शब्द ग्रिक Syllable बाटै आएको शब्द हो । जसको अर्थ शब्दमा आबद्ध खण्ड वा शब्दांश हुन्छ । भाषावैज्ञानिकहरू ब्लुमफिल्डले मुखरता र शीर्षलाई, पाइकले स्पन्दनशील एकाइलाई, रविन्सले ध्वनिको उच्चतालाई, सस्युरले उच्चारण गर्दा मुखविवर खुल्ला र बन्द हुने औच्चारिक प्रक्रियालाई अक्षर मानेका छन् । अक्षरलाई निम्न अभिलक्षणका आधारमा अझ स्पष्ट पार्न सकिन्छ :

- श्वासको एक झट्का वा प्रयासमा उच्चारित हुने,
- उच्च वा शीर्ष ध्वन्यात्मक एकाइ,
- उच्चारित र श्रवणिक हुने,
- एउटा स्वरध्वनि अनिवार्य हुने,
- स्वर र व्यञ्जन दुवैमा अन्त्य हुने,
- भाषाको कथ्य रूपसँग सम्बन्धित हुने,
- एक स्वर र द्विस्वर दुवै हुने,
- सासको एक प्रवाहमा उच्चारित हुने,
- बढी सुन्न सकिने,
- मुखरित र स्वरात्मक ध्वनिका आधारमा अक्षर निर्धारण हुने ।

यसरी सासको एक चाल वा झोक्काबाट उच्चारित हुने वर्ण वा वर्ण समूहलाई अक्षर भनिन्छ। अक्षर वर्णभन्दा माथिल्लो र शब्दभन्दा सानो भाषिक एकाइ हो। एक वा एकभन्दा बढी वर्णहरू मिलेर अक्षर बन्ने हुँदा वर्णभन्दा अक्षर पूर्ण हुन्छ। सासको एकचाल वा झट्काबाट अक्षर उच्चारित हुन्छ । अक्षर संरचनामा स्वर वर्णको भूमिका अनिवार्य हुन्छ । स्वर वर्णका आधारमा अक्षरको गणना गरिने हुँदा यसलाई अक्षरको केन्द्रीय अवयव मानिन्छ । शब्दको सही रूपमा

उच्चारण गर्न अक्षर संरचना बुझ्न आवश्यक हुन्छ । भाषामा कुनै पनि शब्द बन्नका लागि कम्तीमा एउटा अक्षर हुन आवश्यक हुन्छ (अधिकारी, २०६७:१४) । जुन ध्वनिको उच्चारणमा बढी श्रवणता र मुखरता हुन्छ ती ध्वनिहरूलाई नै अक्षर भनिन्छ ।

## अक्षरका प्रकार

अक्षरलाई अन्त्यका आधारमा मुक्त र बद्ध गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ । जुन अक्षरको अन्त्य स्वरध्वनिमा टुङ्गिन्छ त्यसलाई मुक्ताक्षर (Open Syllable) र जुन अक्षरको अन्त्य व्यञ्जनमा टुङ्गिन्छ त्यसलाई बद्धाक्षर (Closed Syllable) भनिन्छ । जस्तै :


| मुक्ताक्षर | | बद्धाक्षर | |
|---|---|---|---|
| शब्द | अक्षर संरचना | शब्द | अक्षर संरचना |
| खा | ख्आ | एक | एक् |
| जो | ज्ओ | घर | घर् |
| श्री | स्र्इ | ख्याल | ख्याल् |
| पिता | पि.ता | शेष | सेस् |
| मामा | मा.मा | ऋण | रिन् |
| आग्लो | आग्.लो | देश | देस् |
| पानी | पा.नि. | कलम | क.लम् |
| गीता | गि.ता | नागरिक | ना.ग.रिक् |

अक्षरलाई अन्त्यका अतिरिक्त अक्षर सङ्ख्या, अक्षरका संरचक अवयव तथा एक स्वर र द्विस्वर आदिका आधारमा समेत वर्गीकरण गर्न सकिन्छ ।

## अक्षरका अवयव


अक्षरको संरचनामा केन्द्रीय र परिधीय अवयवहरू रहेका हुन्छन् । स्वर केन्द्रीय अवयव हो भने व्यञ्जन परिधीय अवयव हो । स्वर वर्णकै आधारमा अक्षरको रचना हुन्छ । नेपाली भाषामा स्वरहरू मात्र शीर्ष वा केन्द्रक हुन्छन् (शर्मा, २०५६:१६) । अक्षरको ऐच्छिक अवयवलाई परिधीय अवयव भनिन्छ । यसमा व्यञ्जन वर्णहरू पर्दछन् । स्वर वर्णभन्दा अगाडि आउने व्यञ्जन वर्णलाई प्रारम्भक र पछि आउने वर्णलाई समापक भनिन्छ । नेपाली भाषामा व्यञ्जन तथा अर्धस्वर वर्णहरू परिधीय अवयवका रूपमा आएका हुन्छन् । केन्द्रीय र समापक अवयवलाई अन्तक पनि भनिन्छ । अनिवार्य अवयव बढी श्रवणीय, सुस्पष्ट, शीर्ष हुन्छन् । नेपाली भाषामा स्वर ध्वनिहरू

केन्द्रक वा केन्द्रीय भएर आउँछन् । परिधीय अवयव कम श्रवणीय, कम स्पष्ट हुन्छन् । नेपाली भाषाका व्यञ्जन ध्वनिहरू परिधीय वा ऐच्छिक अवयव हुन् । अक्षरका संरचक अवयवलाई यसरी देखाउन सकिन्छ :





अक्षर संरचनामा रहेका केन्द्रीय र परिधीय अवयवलाई शब्द बनोटका आधारमा यसरी देखाउन सकिन्छ :


क) केन्द्रीय अवयव मात्र भएको शब्दको अक्षर संरचनालाई वृक्षरेखामा यसरी प्रस्तुत गरिन्छ :





ख) केन्द्रीय तथा परिधीय अवयव अन्तर्गत प्रारम्भक र समापक अवयव भएका शब्दको संरचनालाई वृक्षरेखामा यसरी प्रस्तुत गरिन्छ :




ग) केन्द्रीय अवयवसँग परिधीय अवयव प्रारम्भमा आएका शब्दको संरचनालाई वृक्षरेखामा यसरी प्रस्तुत गरिन्छ :





घ) केन्द्रीय अवयवसँग परिधीय अवयव समापकमा आएका शब्दको संरचनालाई वृक्षरेखामा यसरी प्रस्तुत गरिन्छ :




ङ) केन्द्रीय अवयवसँग परिधीय अवयव अन्तर्गत प्रारम्भकमा दुईभन्दा बढी व्यञ्जनवर्ण आएमा त्यस्ता शब्दको अक्षर संरचनालाई वृक्षरेखामा यसरी प्रस्तुत गरिन्छ :



च) द्विस्वर केन्द्रीय अवयवका रूपमा आएका शब्दको अक्षर संरचनालाई वृक्षरेखामा यसरी प्रस्तुत गरिन्छ :




## नेपाली अक्षरको संरचना

अक्षर कसरी निर्माण भएको छ त्यसको निर्माण प्रक्रिया अक्षर संरचनामा हेरिन्छ । अक्षर को केन्द्रीय अवयव स्वर र परिधीय अवयव व्यञ्जनका आधारमा अक्षरको संरचना निर्माण हुन्छ । अक्षरको संरचनामा स्वर वर्णलाई अनिवार्य संरचक अवयव मानिन्छ । अक्षर संरचनामा एउटा स्वर अनिवार्य रूपमा आउँछ भने व्यञ्जन वर्णहरू एक वा एकभन्दा बढी आउन सक्छन् । अक्षरहरू प्रयोगमा आउँदा संयुक्ताक्षरी भएर पनि आउन सक्छन् । नेपाली अक्षरको संर चनालाई यसरी प्रस्तुत गर्न सकिन्छ :

| क्र.सं. | अक्षर संरचना | उदाहरण |
|---|---|---|
| १ | स्व | ओ, आ, ए |
| २ | व्य.स्व. | पो, ला, नि, को |
| ३ | व्य.व्य.स्व. | क्या, म्या, श्री |
| ४ | व्य.व्य.व्य.स्व. | स्त्री, स्क्रु |
| ५ | स्व. व्य. | आँप, इख, ओठ |
| ६ | व्य.व्य.स्व. व्य. | त्रास, ख्याल, प्याज |
| ७ | व्य.व्य.व्य.स्व. व्य. | ब्ल्याक, फ्ल्याट |
| ८ | व्य.स्व. व्य. | गीत, जात, गोल |


## अक्षर संरचना प्रस्तुत गर्ने तरिका

अक्षर संरचनालाई निम्न चार तरिकाबाट प्रस्तुत गर्न सकिन्छ :


क)नेपाली भाषामा अक्षर संरचनालाई उच्चारित ध्वनिका आधारमा यस्ता चिह्न [•/+/-/(...)] को प्रयोग गरी अक्षर संरचना छुट्याउन सकिन्छ । जस्तै :

| शब्द | संरचना | | | |
|---|---|---|---|---|
| | ● | + | - | (.....) |
| हिजो | हि.जो | हि+जो | हि-जो | (हि)(जो) |
| कलम | क.लम् | क+लम् | क-लम् | (क)(लम्) |
| कोमलता | को.मल्.ता | को+मल्+ता | को-मल्-ता | (को)(मल्)(ता) |

ख) अक्षर अवयवका आधारमा अक्षर संरचनालाई वृक्षरेखामा प्रस्तुत गर्न सकिन्छ । केन्द्रीय र परिधीय अवयवका आधारमा अक्षर संरचनालाई यसरी वृक्षरेखामा प्रस्तुत गरी अक्षर संरचना छुट्याउन सकिन्छ । जस्तै :




ग) अक्षर संरचनालाई उच्चारित ध्वनि तरङ्गका आधारमा छुट्याउन सकिन्छ । स्वरध्वनि बढी श्रवणीय, सुस्पष्ट, शीर्ष हुन्छ भने व्यञ्जन ध्वनि कम श्रवणीय र कम स्पष्ट हुन्छ । तरङ्गित ध्वनिका आधारमा अक्षर संरचनालाई यसरी प्रस्तुत गर्न सकिन्छ :



## नेपाली उच्चार्य वर्ण र लेख्य वर्णमाला

अक्षर संरचनाको अध्ययन गर्नु पूर्व नेपाली भाषामा रहेका उच्चार्य कथ्य वर्ण र लेख्य वर्णका बारेमा जानकारी हुन आवश्यक हुन्छ । नेपाली भाषामा रहेका उच्चार्य र लेख्य नेपाली वर्णमालाको अध्ययन गरेर मात्र अक्षरका बारेमा सही जानकारी प्राप्त गर्न सकिन्छ । देवनागरी लिपिका लेख्य सबै वर्णहरू प्रयोग गरिदैनन् । नेपाली भाषाका उच्चार्य र लेख्य वर्णमाला निम्नानुसार छन् :

| क.सं. | वर्ण | उच्चार्य वर्ण | लेख्य वर्ण |
|---|---|---|---|
| १ | स्वर वर्ण | अ,आ,इ,उ,ए,ओ=६ | अ,आ,इ,ई,उ,ऊ,ऋ,ए,ऐ,ओ,औ,अं,अः=१३ |
| २ | व्यञ्जन वर्ण | क, ख, ग, घ, ङ<br>च, छ, ज, झ<br>ट, ठ, ड, ढ<br>त, थ, द, ध, न<br>प, फ, ब, भ, म<br>य,र,ल,व,स,ह=२९ | क, ख, ग, घ, ङ<br>च, छ, ज, झ,ञ<br>ट, ठ, ड, ढ, ण<br>त, थ, द, ध, न<br>प, फ, ब, भ, म<br>य,र,ल,,व,श,ष,स,ह,क्ष,त्र,ज्ञ=३६ |

लेख्य नेपाली वर्णमालामा आएका कतिपय वर्णहरू उच्चार्य वर्णमालामा आएका छैनन् । लेख्य रूपमा आएका तर उच्चार्य वर्णमा नपरेका वर्णहरूको उच्चारण निम्नानुसार गरिन्छ :

| लेख्य | उच्चारण | शब्द | अक्षर संरचना |
|---|---|---|---|
| ई | इ | पानी | पा.नि |
| ऊ | उ | मूल | मुल् |
| ऋ | रि | ऋषि | रि.सि |
| ऐ | अइ | ऐना | अइ.ना |
| औ | अउ | औला | अउ.ला |
| अं | अम् | संयोग | सम्-योग |
| ञ | न् | अञ्चल | अन्-चल् |
| ण | न | दण्ड | दन्-ड |
| श | स | शेखर | से-खर् |
| ष | स | शोषण | सो-सन् |
| क्ष | छ्य | रक्षा | रक्.छ्या |
| त्र | तर् | भित्र | भित्-त्र |
| ज्ञ | ग्यँ | ज्ञान | ग्याँन् |

## द्विस्वरको अक्षरीकरण

सङ्ख्यात्मक आधारमा नेपाली भाषामा दुई किसिमका स्वरवर्णहरू रहेका छन् । मूल स्वर लाई एक स्वर र संयुक्त स्वरलाई द्विस्वर भनिन्छ । मूल स्वरसँग इकार उकार गाँसिएर बनेका दुईवटा स्वरको समूहलाई द्विस्वर भनिन्छ । नेपाली भाषामा द्विस्वर निम्न दशवटा छन् :

अइ आइ उइ एइ ओइ

अउ आउ इउ एउ ओउ

एउटै शब्दमा दुईवटा स्वरवर्ण सँगसँगै उच्चारित हुने स्थितिलाई द्विस्वर भनिन्छ । यस्ता शब्दको अक्षरीकरण गर्दा मानक उच्चारणका आधारमा गरिन्छ । द्विस्वरले प्रायः अलग अक्षर निर्धारण नगरी एउटै अक्षर निर्माण गर्दछ । जस्तै :

| शब्द | संरचना | द्विस्वर |
|---|---|---|
| मैना | मअइ-ना | अइ |
| भाइ | भआइ | आइ |
| दुई | दउइ | उइ |
| हेइ | हएइ | एइ |
| पोइ | पओइ | ओइ |
| औलो | अउ-लो | अउ |
| गाउ | गआउ | आउ |
| घिउ | घइउ | इउ |
| छेउ | छएउ | एउ |
| रोउ | रओउ | ओउ |

शब्द दुईवटा स्वरवर्ण अघि पछि आएर अलग अलग उच्चारण भएमा त्यसलाई छुट्टै गणना गरिन्छ । केही शब्दहरूमा द्विस्वर लेख्य रूपमा आए तापनि मानक उच्चारणअनुसार द्विस्वरता भेटिदैन । जस्तै :

| शब्द | संरचना | द्विस्वर |
|---|---|---|
| आओ | आ-ओ | दुई |
| आएन | आ-ए-न | तिन |
| साइत | सा-इत् | दुई |
| खाऊन् | खा-उन् | दुई |

## अक्षर निर्धारणका आधारहरू

शब्दको बनोट कसरी भएको छ, एउटा शब्दभित्र के कति अक्षर रहेका छन् त्यसको निर्धारण अक्षर संरचनामा गरिन्छ । शब्द उच्चारण गर्दा त्रुटि भएमा अक्षर निर्धारणमा कठिनाइ उत्पन्न हुन्छ । अक्षर निर्धारण गर्दा निम्न कुरालाई आधार मानिन्छ :

१. अक्षर निर्धारण गर्दा लेख्य रूपलाई नभई कथ्य रूपलाई आधार मानिन्छ । जस्तै :

| लेख्य रूप | कथ्य रूप | अक्षर सङ्ख्या |
|---|---|---|
| दाल | दाल् | १ |
| घर | घर् | १ |
| कमल | क लम् | २ |

२. स्वरध्वनि उच्च, मुखरित, आक्षरिक हुने भएकाले शब्दमा स्वरध्वनि जति छन् त्यसका आधारमा अक्षरको गणना गरिन्छ । जस्तै :

| शब्द | उच्चारण | अक्षर संरचना | अक्षर सङ्ख्या |
|---|---|---|---|
| मन | मन् | व्यस्व.व्य | १ |
| भात | भात् | व्यस्व.व्य | १ |
| पानी | पा.नि | व्यस्व.व्यस्व. | २ |
| गुलियो | गु.लि.यो | व्यस्व.व्यस्व.व्यस्व | ३ |
| परिभाषा | प.रि.भा.सा | व्यस्व.व्यस्व.व्यस्व.व्यस्व | ४ |

३. नेपाली भाषामा रहेका शब्दलाई रोमन लिपिमा परिवर्तन गरी जति स्वरध्वनि (Vowels- a,e,i,o,u) आउँछन् त्यसका आधारमा अक्षर निर्धारण गर्न सकिन्छ । जस्तै :

| शब्द | रोमन लिपिमा | अक्षर सङ्ख्या |
|---|---|---|
| काम | *Kam* | १ |
| कलम | *Kalam* | २ |
| नागरिकता | *Nagarikta* | ४ |


४. संयुक्त स्वरको अक्षर निर्धारण गर्दा मानक उच्चारणका आधारमा गरिन्छ । द्विस्वरले प्रायः एउटै अक्षर निर्धारण गर्दछ । जस्तै :

| शब्द | संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| भाइ | भ्आइ् | १ |
| चौर | च्अउर् | १ |
| मैना | म्अइ-न्आ | २ |

५. कतिपय शब्दमा उच्चारण गर्दा व्यञ्जन वर्ण संयुक्त रूपमा दोहोरिएर आउँछन् । त्यस्ता व्यञ्जन वर्ण दोहोरिएर उच्चारण हुने शब्दको अक्षर निर्धारण यसरी गरिन्छ :

| शब्द | उच्चारण | अक्षर सङ्ख्या |
|---|---|---|
| कन्या | कन्न्या | २ |
| सल्यान | सल्ल्यान् | २ |
| वाक्लो | वाक्क्लो | २ |
| चक्र | चक्क्र | २ |

६. शब्द उच्चारण गर्दा स्वरध्वनि उच्च र व्यञ्जन ध्वनि निम्न हुन्छन् । उच्च र शिखर स्वरध्वनिका आधारमा अक्षरको निर्धारण गरिन्छ । जस्तैः

| शब्द | संरचना | अक्षर सङ्ख्या |
|---|---|---|
| काम |  | १ |
| गीता | | २ |

## उपसंहार

यसरी सासको एक प्रयासबाट उच्चारित हुने, ध्वनिभन्दा ठुलो रूपभन्दा सानो भाषाको कथ्यरूपसँग सम्बन्धित हुने भाषिक एकाइलाई अक्षर भनिन्छ । अक्षरका केन्द्रीय र परिधीय दुई अवयवलाई मानक नेपाली उच्चारणका आधारमा छुट्याइन्छ । भाषा ध्वनि र आवाजसँग सम्बन्धित हुन्छ । त्यसैले अक्षर निर्धारण गर्दा लेख्य रूपका आधारमा नभई कथ्य रूपलाई आधार मानिन्छ ।

## सन्दर्भ सामग्री

*अनिवार्य नेपाली शिक्षण निर्देशिका* (२०६६), ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५६), *समसामयिक नेपाली व्याकरण* (दो.सं), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०७८), *सामान्य भाषाविज्ञान,* काठमाडौं, शुभकामना प्रकाशन ।

तिवारी, भोलानाथ (ई.१९७६), *आधुनिक भाषा विज्ञान,* दिल्लीः लिपि प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद (२०५१), *भाषाविज्ञानको रूपरेखा,* धरान : नेपाल वुक डिपो ।

*नेपाली बृहत शब्दकोश* (२०४०), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५३), *भाषा विज्ञान* (सातौं सं), काठमाडौंः साझा प्रकाशन ।

यादव, योगेन्द्रप्रसाद र भीमनारायण रेग्मी (२०५८), *भाषाविज्ञान,* कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज (२०५४), *शब्दरचना र वर्णविन्यास,* काठमाडौं : नवीन प्रकाशन

शर्मा, मोहनराज र कृष्णहरि बराल (२०५४), *भाषा विज्ञान र नेपाली भाषा* (तृ.सं.), काठमाडौंः नवीन प्रकाशन ।

शर्मा, राजमणि (ई. २०००), *आधुनिक भाषा विज्ञान* (तृ.सं.), दिल्लीः वाणी प्रकाशन ।